# माछापुच्छ्रे गाउँपालिका

## आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम

**सभाका सभाध्यक्ष ज्यू, सभासदस्य ज्यूहरु तथा पत्रकार मित्रहरु,**

१. माछापुच्छ्रे गाउँपालिकाको गाउँसभामा आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु

२. यस महत्वपूर्ण घडिमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र देशभक्तिपूर्ण आन्दोलनमा सामाजिक रुपान्तरणको लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. विश्व प्रसिद्ध सुन्दर एवम् आकर्षक हिमालहरु माछापुच्छ्रे ,गंगापूर्ण, गन्धर्ब चुली, अन्नपूर्ण तेश्रो, अन्नपूर्ण चौथो र मार्दीको काखमा रहेको यस गाउँपालिका ५४४.५८ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ।२०६८ सालको जनगणना अनुसार कूल जनसंख्या २१८६८ रहेको छ। यस कार्यालयबाट २०७६ बैशाखमा गरिएको घरधुरी सर्वेक्षण अनुसारको जनसंख्या २७,८७३ रहेको छ।यस गाउँपालिकाको पूर्वमा मादी गाउँपालिका, पश्चिममा अन्नपुर्ण गाउँपालिका, उत्तर तर्फ मनाङ जिल्ला र दक्षिणमा पोखरा महानगरपालिका र अन्नपूर्ण गाउँपालिका रहेका छन्।

४. यस माछापुच्छ्रे गाउँपालिका आफैमा विविध जातजाति, भाषाभाषी, धर्म र संस्कृतिको संगमको रुपमा रहेको सबै समुदायहरुका बिचमा सदियौ देखि आपसी मेलमिलाप र सदभाव रहेकाले विविधता बिचको एकताको अनुपम उदाहरण हो।

५. यस आर्थिक वर्षको निति तथा कार्यक्रम प्रस्ताव गर्दा नेपालको संबिधान २०७२, नेपाल सरकार, प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौ योजना, स्थानीय सरकार संचालन ऐन २०७४ तथा दिगो विकासको लक्ष्यलाई आधार मानी सबल र समृद्ध माछापुच्छ्रे निर्माण गरि सुखी नेपाली, समृद्ध नेपालको राष्ट्रिय अभियानलाई सार्थक बनाउने लक्ष्य राखिएको छ।

**आदरणीय गाउँसभा सदस्य ज्युहरु**

अब म गत वर्षको यस गाउँपालिकाको संक्षिप्त कार्य प्रगति प्रस्तुत गर्न चाहान्छु।

६. माछापुच्छ्रे गाउँपालिकाको महत्वपुर्ण सडकको रुपमा रहेको मेलबोट,खानेपानी मुहान भेडावारी लुम्रे घलेल सडकको कालोपत्रे गर्ने कार्य अगाडी बढीरहेको छ।

७. भुर्जुङ्गखोला पुल देखि कोलचोक सम्मको मोटर बाटो १.५ किलोमिटर कालोपत्रे गरिएको छ।

८. माछापुच्छ्रे गाउँपालिका वडा नं.२ सार्दीखोला र वडा नं.१ माछापुच्छ्रे जोड्ने खारापानीमा सेती नदिमाथिको मोटरेबल पुल निर्माण अन्तिम चरणमा पुगेको तथा वडा नं. ८ र वडा नं. ९ जोड्ने मर्दीखोलामा मोटरेबल पुल निर्माण कार्य अगाडी बढेको छ।

९. वडा नं ६ को ईदीखोला एबम वडा नं. २ र ३ जोड्ने सेती नदि माथि मोटरेबल पुल निर्माणको लागि डी.पी.आर.बनाउने कार्य सम्पन्न गरिएको छ।

१०. ७ किलोमिटर लम्बाई रहेको घट्टेखोला पिपलडाली देउराली धम्पुस सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ।

११. वडा नं ९ को वडा कार्यालय र ल्वाङ्ग घलेल स्वास्थ्य चौकीको भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी कम्पाउन्डीङ्ग गर्ने कार्य सम्पन्न भई भवन निर्माणको डी.पी.आर तयार गरिएको छ।

१२. गाउँपालिका क्षेत्रभित्रको ४० कि.मि. मोटरबाटोको स्तरोन्नति गरिएको छ १० किलोमिटर नयाँ ट्रयाक खोलिएको १० किलोमिटर बाटो ग्राभेल गरिएको साथै १५ कि.मि बाटोको दायाँ बाँया पक्की नाला निर्माण तथा ५३० मिटर ढलान सम्पन्न भएको छ।

१३. सिंचाईतर्फ १६९४ मिटर पक्की कुलो २८८२ मिटर पाईपद्वारा सिंचाई व्यवस्था गरिएकोछ।

१४. नयां पर्यटकीय पदमार्ग १००० मिटर तथा पद मार्ग मर्मत करिब ३५१७ मिटर पदमार्गमा ३९५ मिटर टेवा पर्खाल **(retaining wall)** निर्माण गरिएको छ।

१५. खानेपानी तर्फ माछापुच्छ्रे गाउँपालिकाको एक घर एक धारा कार्यक्रम यस बर्ष सम्पन्न गर्ने गरी विभिन्न साईज र घनत्वका ९११५० मिटर पाईप खरिद गरी धारा र टयांकी निर्माणको काम तिब्र रुपमा अगाडी बढीरहेको छ।

१६. आर्थिक अवस्था कमजोर रहेका र उत्कृष्ट शैक्षिक नतिजा र उपलब्धि हासिल गरेका बिद्यालयलाई व्यवस्थापन अनुदान प्रदान गरिएको छ।

१७. माछापुच्छ्रे प्रा.वि.मा स्थानीय मातृभाषाको रुपमा रहेको मगर भाषामा अध्ययन अध्यापन कार्य सुरु गरिएको छ।

१८. मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँका रुपमा वडा नं ३ को भलाबोटलाई छनौट गरी आवश्यक कार्य अगाडी बढेको र जमिन चक्लाबन्दीको काम अगाडी बढाईएको छ।

१९. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न स्थानहरुमा १५ वटा होमस्टेको प्रवर्द्धन गरिएको छ।

२०. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला हरुको पोषण प्रोत्साहन खर्च स्वरूप प्रति सुत्केरी महिला रु ५०० नगद प्रदान गरिएको छ।

२१. गरिब तथा विपन्न नागरिकको स्वास्थ्य बिमाको योगदान रकममा अनुदान प्रदान गरी १८० घर परिवारको स्वास्थ्य बिमा गरिएको छ।

२२. यस गाउँपालिकाको व्यवस्थापन र संचालनमा स्त्रीरोग तथा महिलाहरुको पाठेघरको मुखको क्यान्सर परिक्षण शिविर ३ स्थानमा तथा क्षयरोग निदानको लागि माइक्रोस्कोपिक क्याम्प २ स्थानमा संचालन गरिएको।एस ई ई परिक्षा २०७५ मा सम्मिलित सम्पूर्ण छात्राहरुलाई स्यानिटरी प्याड वितरण गरिएको छ।

२३. गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा विद्युतीय हाजिरी मेसिन जडान गरि प्रयोगमा ल्याइएको छ।

२४. “स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद” भन्ने नाराका साथ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड अन्तरविद्यालय खेलकुद प्रतियोगिता २०७५ सफलतापुर्वक सम्पन्न गरिएको छ।

२५. भूकम्प प्रभावित कुल ४२७ घरपरिवार मध्ये सम्झौता गरेका जम्मा ४१२ लाभग्राहीले पहिलो किस्ता भुक्तानी लिएको र २७४ लाभाग्रहिले दोस्रो किस्ता भुक्तानी लिएका छन्।जसमध्ये गुनासो दर्ता गर्न छुटेका मध्ये जम्मा २१९ घरधुरीका लाभग्राहीको पुनः जांच सर्वेक्षण सम्पन्न भएको छ।

२६. चालु आ.व. २०७५/०७६ मा कुल १२ वटा ऐन, २ वटा नियमावली र ३ वटा कार्यविधि पारित गरी कार्यान्वयनमा लगिएको छ।

२७. सामाजिक सुरक्षा शिर्षकमा जेष्ठ नागरिक तर्फ १४४३ जना, जेष्ठ नागरिक दलिततर्फ ४३५ जना, एकल महिला तर्फ ३८ जना, बिधवा महिला तर्फ ६८९ जना, पूर्ण अपाङ्ग तर्फ १४४ जना, अति अशक्त तर्फ २०७ जना, बाल पोषणभत्ता तर्फ ६१६ जना र उपचार खर्च तर्फ १६८१ जनालाई भत्ता वितरण गरिएको छ ।

२८. २१ वटा सामुदायिक भवन निर्माण सम्पन्न भएको तथा माछापुच्छ्रे-६ धितालमा नौमती बाजा पार्क निर्माण भएको छ।

अब म आगामी आर्थिक बर्ष २०७६/०७७ को लागि प्रस्तावित नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

प्राकृतिक, साँस्कृतिक र विभिन्न भौगोलिक विविधतायुक्त यस गाउँपालिकालाई समृद्ध बनाउन **"पर्यटन, कृषि, उर्जा र पूर्वाधारः संमृद्ध माछापुच्छ्रेको मूल आधार"** भन्ने मुल नारालाई साकार पार्नु हामी सबैको कर्तव्य रहेको व्यहोरा पनि यस सम्मानीत सभासमक्ष जाहेर गर्न चाहन्छु।

## आर्थिक विकास तर्फ

### पर्यटन

२९. पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकामा पदयात्रा गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षण गर्न, उनीहरुको बसाइ लम्ब्याउन, बन्जीजम्प, क्यानोनिङ्ग, ऱ्याफ्टिङ्ग, प्याराग्लाडिङ्ग, हनी हन्टीङ्ग र रक क्लाईमीङ्ग, पर्वतारोहण जस्ता साहसिक पर्यटनका साथै पर्यटन विकाससँग सम्बन्धित सम्पूर्ण पूर्वाधारजन्य कार्यको लाागि आवश्यक ध्यान दिइने छ।

३०. यस माछापुच्छ्रे गाउँपालिकाभित्र रहेका होमस्टेहरुको प्रवर्द्धन तथा व्यवस्थापनका लागि बिशेष ध्यान दिइनेछ।

३१. माछापुच्छ्रे गाउँपालिकाको प्रथम पन्चवर्षीय आवधिक योजनामा पर्यटन विकास संग सम्बन्धित योजना अनुसार पर्वतारोहणका लागि विभिन्न हिमालहरुको आधार शिविर तयार गर्न र त्यहाँ सम्मको पहुँचको लागि आवश्यक पुर्वाधारका लागि विस्तृत परियोजना प्रतिबेदन (डि.पि.आर) तयार गर्ने कार्य अगाडी बढाइने छ।

३२. यस गाउँपालिकाको उच्च पहाडी तथा हिमाली क्षेत्रलाई पर्यटन विकास र व्यवस्थापन गरी पर्वतारोहण तालिम केन्द्र स्थापना तथा अन्य साहसिक पर्यटकीय खेल क्षेत्रको विकासको सम्भाव्यता अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइने छ।

३३. यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने माछापुच्छ्रे हिमाल आरोहणको अभियान सार्थक निष्कर्षमा पुग्न प्रदेश र संघिय सरकारसँग आवश्यक सहकार्य गरिने छ।

३४. यस गाउँपालिकाभित्र रहेका धार्मिक तथा ऐतिहासिक क्षेत्र र तातोपानीकुण्ड लगायत क्षेत्रको प्रवर्द्धन गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक कार्य अगाडी बढाइनेछ।

३५. संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको सहकार्यमा सञ्चालन हुने योजना तथा कार्यक्रमका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरिएको छ।

## कृषि

३६. यस गाउँपालिकाको मुख्य अर्थतन्त्र कृषिसँगै जोडिएकोले कृषिलाई व्यवसायीकरण गर्नुका साथै आधुनिकिकरण र यान्त्रिकीकरणमा ध्यान दिइने छ।

३७. खाद्यबाली, नगदेबाली, तरकारी खेती, फलफूल खेती उत्पादक कृषकहरुलाई व्यवसाय प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइएको छ।

३८. कृषि उपज संकलन केन्द्रहरुको स्थापना साथै बजार व्यवस्थापन गर्ने नीति बनाई लागु गरिनेछ।

३९. नगदे बालीको रुपमा रहेको कफी खेतिको सम्भाव्य स्थानहरुको पहिचान गरि व्यवसायिक उत्पादनको प्रवर्द्धनको नीति लिइनेछ। आगामी आ.ब.मा एक घर दश कफी बिरुवा अभियान संचालन गरिने छ।

४०. प्रदेश सरकारको सहकार्यमा गाउंपालिका स्तरिय शितभण्डार स्थापना गर्न पहल गरिने छ।

४१. बैदेशिक रोजगारबाट फर्केका युवा तथा महिला कृषि र पशु ब्यबसायीहरुलाई लक्षित गरी उद्यम घुम्ती कोष मार्फत सहुलियतपूर्ण ब्याजमा ऋण प्रदान गर्ने नीति लिइने छ।

४२. प्राकृतिक प्रकोप, रोग, किरा फट्याङ्ग्रा र जंगली जनावरबाट बाली नष्ट हुँदा हुने क्षतिको व्यवस्थापनको लागि बाली बिमा मार्फत न्युनिकरणको व्यवस्था गरिनेछ।

## पशुपंछी

४३. पशुपंछी व्यवसायको तथ्यांक व्यवस्थापन र सुचना प्रणालीलाई प्रभावकारी बनाईने छ।

४४. पशुपालन र पशु स्वास्थ्य सम्बन्धि स्थानिय कानुन, नीति, नियम मापदण्ड,योजना बनाई कार्यन्वयन गरीने छ । पशु बिमाको प्रवर्द्धन गर्ने नीति लिइनेछ।

४५. पशुपालनको व्यवसायीकरण गर्दै माछापुच्छ्रे गाउँपालिकालाई मासु र दुग्ध उत्पादनमा आत्मनिर्भर बनाइनेछ।

४६. गाउपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा निर्माण भएका दुग्ध चिस्यान केन्द्रहरुको व्यवस्थापनमा यथोचित ध्यान दिईने छ।

## सहकारी

४७. सहकारी संस्था सम्बन्धी स्थानीय नीति कानुन मापदण्डको निर्माण कार्यान्वयन र नियमन गर्ने प्रक्रिया तुरुन्त अगाडि बढाईनेछ।

४८. सहकारीको अनुगमन निरिक्षण, सहकारी शिक्षा तालिम उद्यमशिलता र नेतृत्व विकास गरि सहकारीलाई गाउँपालिकाको सम्वृद्धिका लागि वित्तिय लगानी कर्ताको रुपमा प्रवर्द्धन गरिनेछ।

## उद्योग

४९. उद्यम विकास घुम्ती कोषको अवधारणा अनुसार युबाहरुलाई स्वरोजगार सृजना गर्ने खालका उत्पादनमुलक क्षेत्रमा लगानी वृद्धि गर्न प्रोत्साहित गरिने छ।

५०. प्रत्येक वडाहरुमा स्थानीयसंग भएको ज्ञान र सिपको प्रयोग गरि स्थापना गर्न सकिने उद्योगहरुको सम्भाव्यता अध्ययन गरि उद्योग स्थापनामा आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

५१. महिला, उत्पिडित समुदाय लक्षित सिप मुलक तालिम दिने कार्य अगाडि बढाइनेछ।

५२. दुग्ध उद्योग, कृषि फर्महरुलाई प्राविधिक सहयोग गर्ने नीति लिईनेछ।

५३. निर्माण गरिएको पंञ्चवर्षिय लघु उद्यम विकास योजनालाई कार्यान्वयन गरिनेछ।

## खानी तथा खनिज पदार्थ

५४. ढुङ्गा, गिट्टि, माटो, बालुवा, वन पैदावार तथा अन्य खानी जन्य बस्तुको उत्खनन् सम्बन्धी दर्ता, अनुमति, नविकरण र खारेजी गर्ने नीति बनाई आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।

५५. गुणस्तरिय निर्माण कार्यको लागि नदिजन्य पदार्थ ढुङ्गा, गिट्टि र बालुवामा आधारित प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

## जलस्रोत तथा उर्जा

५६. यस गाउँपालिका भित्र रहेका सेती र मर्दी खोला बाट सम्भावित उर्जा उत्पादन क्षमतालाई सदुपयोग गर्न सार्वजनिक तथा निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गरिनेछ।

५७. यस क्षेत्रभित्र निर्माणाधिन जलविद्युत आयोजनाहरुको सम्पन्न गर्नका लागि आवश्यक सहयोगका साथै स्थानीय स्तरमा गरिएका विभिन्न सम्झौताहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक रणनीति अपनाईनेछ।

## पुर्वाधार विकास तर्फ

५८. दिगो विकासको लागि भौतिक पुर्वाधारको विकास गरी गाउँपालिकाका जनतालाई समृद्ध वनाउन क्षेत्रगत रणनीति तयार गरी अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजना वनाई क्रमशः कार्यान्वयन गरिनेछ।

५९. गाउँपालिकाको अत्याधुनिक प्रशासकीय भवन र वडा नं ९ को वडा कार्यालय भवन निर्माण कार्य यसै आ.व बाट शुरुवात गरीने छ।

६०. प्रदेश सरकार सँगको सहकार्यमा प्रदेश राजधानिबाट गाउँपालिकाको केन्द्र जोड्ने सडक र गाउँपालिकाबाट वडा कार्यालय सम्म जोड्ने सडकलाई स्तरउन्नति गर्ने कार्य अगाडी बढाईने छ।

६१. सबै वडाका सहायक बाटोहरुलाई बाह्रै महिना सवारी साधन सञ्चालन गर्न सक्ने बनाइने छ।

६२. संघ तथा प्रदेश सँगको समन्वयमा मर्दि, सेति नदि तथा अन्य स्थानहरुमा आवश्यक मोटरेवल पुल निर्माण गर्ने कार्य अगाडि बढाईने छ।

६३. खेतियोग्य जमिनको लागि सघं, प्रदेश र स्थानिय तहको एकल तथा संयुत्त लगानिमा सिचांईको प्रवन्ध मिलाईने छ।

६४. प्रदेश सरकारको समन्वयमा वडा नं. १ र २ जोड्ने सेति नदिमा संभवत नेपालकै लामो पर्यटकिय अग्लो झो.पु र पर्यटकिय गाउँ सिधिङ्गको छकम र प्रुम्धुमको गिरीम जोड्ने झोलुङ्ग पुलको सम्भाव्यता अध्ययन शुरु गरीने छ।

## सामाजिक विकास तर्फ

### शिक्षा

६५. विद्यार्थी भर्ना अभियान सगै अविभावकत्व प्रदान कार्यक्रमलाई प्रभावकारी बनाई विद्यालयमा टिकाउन गैरसरकारी संस्था र सामुदायिक संस्थाहरुको समेत सहयोग र समन्वयमा विद्यार्थी सहायता कोष स्थापना गरी कार्यान्वयन गरीने छ।

६६. गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरुमध्ये अधिक विद्यार्थी, न्यून शिक्षक दरबन्दी भएका र उत्कृष्ट नतिजा हासिल गरेका विद्यालयहरुलाई निश्चित मापदण्ड तयार गरी प्रोत्साहन स्वरुप एकमुष्ठ शिक्षक व्यवस्थापन अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६७. विद्यालयको स्थलगत सर्वेक्षण प्रतिवेदन एवं **IEMIS** को प्रतिवेदनका आधारमा विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य अगाडि बढाईने छ।

६८. गाउँपालिकास्तरमा विभिन्न विषयका विज्ञ शिक्षकहरुको रोष्टर बनाई  प्रश्नपत्र निर्माण, परीक्षा प्रणाली र परीक्षण प्रणालीमा एकरुपता कायम गर्ने कार्यलाई निरन्तरता दिईने छ।

६९. यस गाउँपालिका वडा नं. ५ मोहरास्थित माछापुच्छ्रे प्रा.वि.मा स्थानीय मातृभाषाको रुपमा रहेको मगर भाषा बिषयको अध्ययन अध्यापन गरिदै आएकोमा सो कार्यलाई थप व्यवस्थित बनाउदै लगिने छ।

७०. नेपाल सरकारबाट तलब भत्ता र सुविधा लिने जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गर्न उत्प्रेरित गरिनेछ।

७१. सामुदायिक सिकाई केन्द्रहरुमार्फत अनौपचारिक शिक्षालाई प्रभावकारी बनाईने छ।

७२. सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, ई-लाइब्रेरी, आई सि टि कक्षा क्रमशः स्थापना र व्यवस्थापन गर्दै लगिने छ।

७३. गाउँपालिका क्षेत्रभित्र प्राविधिक विद्यालय सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया वढाईने छ।

७४. नयाँ सस्थागत विद्यालय खोल्ने र कक्षा थप गर्ने कार्यलाई क्रमशः निरुत्साहित गरीने छ।

७५. यस गाउँपालिकामा रहेका सामुदायिक विधालयहरुका शिक्षक-बिद्यार्थी अनुपात, भौगोलिक अवस्था समेतलाई ध्यानमा राखी आवासिय बिद्यालयको रुपमा विकास गर्न एबम आवश्यकता अनुसार बिद्यालय मर्ज (गाभ्ने) कार्यको सम्भाव्यता अध्ययन गरी आवश्यक व्यवस्थापन गरिने छ।

७६. बाल विकास केन्द्र(**ECD**)मा कार्यरत सहजकर्ताहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

**स्वास्थ्य**

७७. स्वास्थ्य विमामार्फत प्रदान गरिने सेवाको पहुँचलाई विस्तार गरि महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत, शहिद परिवार, द्धन्दपिडित, घाइतेहरु लगायतका विपन्न नागरिकलाई स्वास्थ्य विमाको योगदान रकममा अनुदान दिने कार्यलाई निरन्तरता दिइने छ।

७८. मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरणलाई नियन्त्रण गर्न आवश्यक नीति बनाई कार्यन्वयन गरिने छ

७९. यस गाउँपालिकाको वडा नं. ८ मा स्वास्थ्य चौकी स्थापनाको लागि बिशेष पहल गरिने छ साथै वडा न ७, ८ र १ मा सामुदायिक स्वास्थ्य इकाइ स्थापनाका लागि आबश्यक पहल गरिनेछ।

८०. कुपोषणलाई न्यूनीकरण गर्न र पोषण संबन्धि जनचेतना अभिवृद्धि गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।

८१. जलवायु परिवर्तन, तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद पूर्व तयारी र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्यसंग सरोकारवाला सबै निकायहरु बिच समन्वय र सहकार्य गरीने छ।

८२. स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (**HMIS**) लाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनियतामा अभिबृद्धि गरि त्यसको आधारमा नीति तथा योजना बनाइने छ।

८३. स्वास्थ्य सुरक्षा र विरामीहरुप्रति स्वास्थ्यकर्मिहरुले निर्वाह गर्नु पर्ने पेशा धर्मिता (आचारसंहिता)को पालनालाई सुनिश्चित गरिने छ।

८४. प्रतिजैविक औषधिहरुको जथाभावी प्रयोगबाट औषधिहरुको प्रतिरोध (**Drug resistance**) बढ्दै गएकोले यसको न्युनिकरणको लागि निरोधात्मक तथा रोकथामका लागि आवश्यक कदम चालिने छ।

८५. आधारभूत स्वास्थ्य सेवाको नियमित उपलब्धताको सुनिश्चितताको लागि औषधिको नियमित आपूर्ति र भण्डार व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाइनेछ।

८६. आयुर्बेद चिकित्सा लगायत बैकल्पिक चिकित्सा पद्धतिको विकास र बिस्तारमा बिशेष जोड दिइनेछ।

८७. गाउँपालिकाभित्रका सम्पूर्ण बिद्यालयहरुमा लैंगिक फोकल पर्सन तोकिने छ र किशोरीहरुको महिनावारी स्वास्थ्य व्यवस्थापन गर्न सबै बिद्यालयहरुलाई स्यानिटरी प्याडयुक्त बिद्यालय बनाइने छ।

८८. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई सुत्केरी पोषण प्रोत्साहन गर्ने नीति लिइने छ

८९. भेडाबारी प्राथमिक स्वस्थ्य केन्द्रको फार्मेसी संचालनको कार्यलाई यस बर्ष पनि निरन्तरता दिइनेछ।

## युवा तथा खेलकुद

९०. राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिँदै गाउँपालिकाको एक महत्वपूर्ण खेलकुद उत्सवको रुपमा मनाइने छ।

९१. एक वडा एक खेलकूद मैदानको अवधारणालाई क्रमशः कार्यन्वयन गरीदै लगिने छ।

९२. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय र अखिल नेपाल फुटबल संघ (**ANFA)** को समन्वयमा यस गाउँपालिकाको वडा नं. ६ भेडाबारीमा **ANFA Technical Centre** निर्माणको लागि सम्झौता भई सकेको र चालु आ.व मा निर्माण कार्य अगाडी बढाइने छ ।

९३. युवा स्वरोजगार वढाउन सिप विकासको कार्यक्रम सञ्चालन गरीने छ।

९४. युवाहरुलाई दुव्र्यसन विरुद्धको अभियानमा संलग्न गराउन कानुनी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीने छ।

९५. बैदेशिक रोजगारमा जाने युवाहरुलाई सुरक्षित आप्रवासन सम्बन्धि कार्यक्रम संचालन गरिने छ।

९६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ साथै गाउँपालिकाबाट समेत अन्य रोजगारीका अवसर सृजना गरिनेछ।

## खानेपानी तथा सरसफाई

९७. स्वच्छ खानेपानिको व्यवस्थापन गर्न एक घर एक धारा कार्यक्रमलाई संघ, प्रदेश र स्थानिय सरकारको सहलगानिमा यसै आ.व. भित्र सम्पन्न गरिने छ।

९८. प्रत्येक टोलमा टोल विकास संस्थाको समन्वयमा फोहोर व्यवस्थापन गर्ने नीति लिईने छ।

## जेष्ठ नागरिक

९९. जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्तालाई नजिकको वित्तीय संस्थाबाट वितरणको व्यवस्था मिलाईने छ।

१००. जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गरिने छ।

१०१. जेष्ठ नागरिकको उत्कृष्ट संरक्षक छनौट गरी सम्मान गरीने छ।

१०२. जेष्ठ नागरिकको तीर्थयात्रा कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०३. जेष्ठ नागरिकहरुलाई यसै आ.व.मा जेष्ठ नागरिक परिचय पत्र वितरण गरिने छ।

१०४. जेष्ठ नागरिकहरुको स्वास्थ्य तथा संरक्षणको लागि प्रदेश सरकारको समन्वयमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र यस गाउँपालिकाको वडा नं. ४ को लाहाचोकमा निर्माण कार्य यसै बर्ष सम्पन्न गरिनेछ।

## लैङिगक समानता र समावेशीकरण

१०५. महिला हिंसाविरुद्धको अभियान र महिला शशक्तिकरणका कार्यक्रमको प्रभावकारी कार्यन्वयन गरिने छ।

१०६. लैङिगक हिंसा, जातीय छुवाछुत, कुरीति र कुसंस्कारलाई पूर्णरुपमा निषेध गर्ने नीतिलाई लागु गरिने छ।

१०७. प्रत्येक वडामा उत्पीडित समुदायमा रहेको परम्परागत ज्ञान र सीपलाई व्यवसायीकरण गर्न उद्यम विकासका कार्यक्रम अघि बढाईने छ।

१०८. प्रत्येक भौतिक संरचना तयार गर्दा अपांग, जेष्ठ नागरिक र बालमैत्री बनाइने छ।

१०९. विपन्न वर्गलाई स्वास्थ्य, शिक्षा जस्ता आधारभूत सेवा सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने नीति लिईने छ।

११०. विशेष क्षमता भएका नागरिकहरुलाई सहयोगी सामाग्री वितरण, आयआर्जनका लागि सिपविकास तालिम सञ्चालन गरीने छ।

१११. बाल यौन दुर्व्यवहार, बालविवाह जस्ता सामाजिक कुरीतिहरुलाई र बालश्रमलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ।

## गैर सरकारी संस्था

११२. गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरुको विवरण संकलन गरी आवश्यक नियमन गर्ने र कार्यक्रमहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

## सुशासन तथा संस्थागत विकास

११३. जनउत्तरदायी प्रशासन, वित्तिय अनुशासन र भष्टाचारमा शुन्य सहनशिलताको निति लिइनेछ।

११४. गाउँपालिका अन्तर्गतका वडा कार्यालय लगायत सम्पूर्ण कार्यालयहरुमा संघिय सरकारवाट समायोजन भई आउने कर्मचारीहरुका अतिरीक्त कर्मचारीहरुको संगठन र व्यवस्थापन सर्वेक्षण गरी आवश्यक कर्मचारीको पदपूर्ती गरिने छ।

११५. गाउँपालिकाका सम्पुर्ण सरकारी कार्यालयहरुमा क्रमशः विद्युतीय हाजिरी जडान गरी प्रभावकारी अनुगमनको व्यवस्था संगै सूचना प्रविधिमैत्रि वनाउने निति लिइने छ।

११६. गाउँपालिका अन्तर्गत संचालित योजना, सेवाप्रवाह सम्बन्धमा सरोकारवालाहरुसंग वार्षिक रुपमा सामाजिक परिक्षणको व्यवस्था मिलाइने छ। अर्धबार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिने छ।

११७. जन प्रतिनिधीहरु तथा कर्मचारीहरु र टोल विकास संस्थाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ।

११८. न्यायिक निरुपणका लागि न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास र मेलमिलापकर्ताहरुलाई तालिम प्रदान गरी गाउंघरका सानातिना विवाद स्थानीय स्तरमै समाधानको लागि वडा मेलमिलाप केन्द्र गठन गर्ने कार्य अगाडी बढाइने छ।

११९. न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ

१२०. आम्दानी र खर्चको अभिलेखलाई व्यवस्थित गर्न अनिवार्य रुपमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (**SUTRA)** पूर्ण रुपमा अवलम्बन गरिनेछ।

१२१. गाउँपालिकाको आय व्ययको अध्यावधिक विवरण गाउँपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिनेछ।

१२२. राजश्वको दायरा विस्तार गरिनेछ र करका दरहरुलाई समय सापेक्ष बनाउदै लगिनेछ

१२३. खरिद प्रक्रियालाई योजनाबद्ध र अनुमान योग्य बनाइनेछ।

१२४. गाउँपालिकाको गत आ.व. को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु फछ्र्यौट गर्ने र दिएका सुझाव एबम मार्गनिर्देशनलाई मनन गरी वित्तीय अनुशासन कायम गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१२५. माछापुच्छ्रे गाउँपालिका भित्र पर्न सक्ने सम्भावित विपद् लाई ध्यानमा राखि विपद् व्यवस्थापन कोषलाई यस वर्ष थप व्यवस्थापना गरिनेछ।

१२६. यस गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न नदि, खोलाहरुको कटान र यसको प्रभावलाई नियन्त्रण गर्न विभिन्न तटबन्धन गर्ने कार्य प्रदेश सरकार संग समन्वय तथा स्थानीय सरकार बाट आवश्यक कार्य अगाडि बढाईनेछ।

१२७. स्वच्छ सफा र सुन्दर माछापुच्छ्रे बनाउन विभिन्न टोल विकास संस्थाहरु संग समन्वय गरि मागका आधारमा आवश्यक फोहर मैला व्यवस्थापन गर्न बिभिन्न स्थानमा ईन्सिनिरेटरको निर्माण गरिने छ।

१२८. वन तथा वातावरण संरक्षण, उपयोगका सम्बन्धमा अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना संग नमिलेको नीतिगत तादम्यतालाई उच्चस्तरीय कार्यदल गठन गरि आवश्यक व्यवस्था मिलाईनेछ।

१२९. कृषि तथा बन क्षेत्रको बिस्तार र व्यवस्थापनका लागि गाउँपालिका स्तरमा एक नर्सरी व्यवस्थापन गरिने छ।

**आन्तरिक स्रोत व्यवस्थापन**

१३०. गाउँपालिकालाई आर्थिक रुपमा सबल र सक्षम बनाउन कर तथा शुल्कको दायरा बढाइने छ। बैज्ञानिक र प्रगतिशिल करको रुपमा रहेको एकिकृत सम्पत्ति कर व्यवस्थालाई न्युनदरमा लगाई आन्तरिक आर्थिक व्यवस्थालाई सुदृढ बनाइने छ।

१३१. गाउँपालिकाका सबै प्राकृतिक स्रोतहरुको उच्चतम परिचालन गर्नुका साथै समानुपातिक उपयोग तथा वितरणको व्यवस्था मिलाईने छ।

**आदरणिय सभासद् ज्यूहरु,**

अन्त्यमा नेपाली जनताको त्याग, संर्घष र वलिदानबाट प्राप्त भएको वर्तमान राजनैतिक उपलब्धिको संरक्षण, सस्थागत गर्ने जिम्मेवारी सबै नागरीक तिनै तहको सरकारको काधमा आएको छ। यो जिम्मेवारीलाई गाउँपालिकाबासीले अनुभुत गर्ने गरी उन्नतशिल नागरीक मैत्रि सेवा प्रवाह र सुशासन कायम गर्दै समृद्ध पालिकाको निर्माणमा सहभागि हुन जनप्रतिनिधि, राजनैतिक दल निजि क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, सञ्चार जगत एवं सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद!**

**कर्ण बहादुर गुरुङ्ग**
**अध्यक्ष**
**माछापुच्छ्रे गाउँपालिका**